# प्रभाव दैनिक
National Daily

वर्ष १०  अंक १८४  काठमाडौं  सोमबार, १३ कात्तिक २०८०  Prabhab National Daily  Monday, October 30, 2023  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।-



**सामाजिक तथा धार्मिक सद्भाव कायम राखौं ।**

- सामाजिक सद्भावमा आँच आउने वा अन्य पक्षलाई भड्काउने कार्य नगारौं,
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एंव धार्मिक विद्वेष फैलाउने नगरौं,
- सामाजिक मर्यादा विपरितका कार्य गर्न उक्साउने वा प्रोत्साहन गर्ने जस्ता कार्य नगरौं,
- सामाजिक सद्भाव कायम गरौ, निजी तथा सार्वजनिक जीवनमा असर पार्ने गलत कार्य नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**महासचिव गुटेरेसको नेपाल भ्रमण**

## शीर्ष नेतासँग भेट

### आज सोलु र पोखरा, भोलि लुम्बिनी पुग्ने

- संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस आज बिहानै सोलुखुम्बुको नाम्चे पुग्ने कार्यतालिका, उनी आजै पोखरा बास बस्न पुग्ने
- भोलि कात्तिक १४ गते बिहान उनी पोखराबाट हेलिकप्टरमार्फत अन्नपूर्ण सर्किट अवलोकनमा जाने
- महासचिव गुटेरेसको भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहालसमेत लुम्बिनी जाने
- लुम्बिनीबाट फर्केपछि मंगलबार अपराह्न ४ बजे संघीय संसद्का दुवै सदनलाई सम्बोधन गर्ने कार्यक्रम

■ प्रभाव संवाददाता

**काठमाडौं–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस आज सोलुखुम्बु र पोखरा पुग्दै छन् । नेपालको चारदिने भ्रमणका लागि आइतबार बिहान काठमाडौं आइपुगेका गुटेरेस आज बिहान हेलिकप्टरमार्फत सोलुखुम्बुको नाम्चे पुग्ने कार्यतालिका रहेको छ । त्यसपछि उनी पोखरामा बास बस्न पुग्नेछन् ।

शनिबार राति काठमाडौं आइपुगेका महासचिव गुटेरेसलाई परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा स्वागत गरेका थिए । गुटेरेसले भ्रमणको पहिलो दिन आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसँग राष्ट्रपति कार्यालय र प्रधानमन्त्री पुष्पकमल दाहालसँग सिंहदरबारमा शिष्टाचार भेट गरे ।

त्यसैगरी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग संघीय संसद् भवन नयाँबानेश्वरमा बेग्ला-बेग्लै शिष्टाचार भेट गरे । सभामुख देवराज घिमिरे र उपप्रधानमन्त्रीद्वय पूर्णबहादुर खड्कासँग गुटेरेसको छुट्टाछुट्टै भेटवार्ता भएको थियो । आइतबारै महासचिव गुटेरेस पाटन क्षेत्रको भ्रमणमा पुगेका थिए । प्रधानमन्त्री दाहालले महासचिव गुटेरेसको सम्मानमा आइतबार साँझ सांस्कृतिक कार्यक्रमसहितको रात्रिभोजको आयोजना गरे ।

सन् २०१७ मा संयुक्त राष्ट्रसंघको महासचिव भएपछि पहिलोपटक नेपालको भ्रमणमा आइपुगेका गुटेरेसले यहाँको शान्ति प्रक्रिया, दिगो विकास, जलवायु परिवर्तनलगायत विषयमा छलफल गर्ने कार्यक्रम रहेको छ । राष्ट्रसंघका महासचिवको करिब १५ वर्षपछि नेपालमा भएको यस भ्रमणलाई कूटनीतिक क्षेत्रमा महत्त्वका साथ हेरिएको छ ।

### यस्तो छ आजको कार्यतालिका

महासचिव गुटेरेस आज हेलिकोप्टरमार्फत नाम्चे पुग्ने र त्यहाँबाट पोखरा बास बस्ने कार्यतालिका रहेको छ । जलवायु परिवर्तनको असरलाई बुझ्न उनी सोलुखुम्बुसम्म अवलोकनका लागि जान लागेका हुन् । सोलुखुम्बुबाट काठमाडौं फर्केपछि गुटेरेस ललितपुरस्थित युएन हाउसको कार्यक्रममा सहभागी हुनेछन् ।

आजै साँझ उनी पोखरा गएर बास बस्ने कार्यक्रम छ । महासचिव गुटेरेस दिउँसो पोखरा आइपुग्ने कार्यक्रम रहेको कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले बताए । गुटेरेस अन्नपूर्ण आधार शिविरमा पनि जाने कार्यक्रम रहेको प्रमुख जिल्ला अधिकारी घिमिरेको भनाइ छ । भोलि कात्तिक १४ गते बिहान उनी पोखराबाट अन्नपूर्ण सर्किट अवलोकनमा जानेछन् । हेलिकप्टरबाट बेसक्याम्प पुग्ने कार्यतालिका रहेको छ । अन्नपूर्ण सर्किटबाट फर्केपछि पोखरास्थित पुरानो विमानस्थलमा पत्रकार सम्मेलन गर्ने कार्यक्रम तय भएको छ ।

### लुम्बिनीबाट फर्केर सदनमा सम्बोधन

मंगलबारै गुटेरेस गौतम बुद्धको जन्मस्थल लुम्बिनी जानेछन् । संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव ऊ थान्तले सन् १९६७ को अप्रिलमा बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गरेका थिए । (बाँकी पृष्ठ ३ मा)



## ‘शान्ति प्रक्रिया टुंग्याऊ’

### अन्तर्राष्ट्रिय अभ्यास, सर्वोच्च अदालतको आदेश र द्वन्द्वपीडितहरूको मागअनुसार शान्ति प्रक्रिया र संक्रमणकालीन न्याय प्रक्रिया टुंग्याउन गुटेरेसको सुझाव

- नेपालमा शान्ति प्रक्रिया टुंग्याउने मामिलामा संयुक्त राष्ट्रसंघ सहयोगी बन्ने वचन
- द्वन्द्वपीडितहरूलाई न्याय दिने प्रधानमन्त्रीको वाचा
- संक्रमणकालीन न्यायसम्बन्धी दुई विधेयक छिट्टै पारित गर्ने सभामुखको प्रतिबद्धता
- १७ वर्षमा पनि शान्ति प्रक्रिया अधुरै
- राज्य पक्ष र तत्कालीन विद्रोही माओवादी पीडक
- ६६ हजार बढी द्वन्द्वपीडितको उजुरी

■ जेबी योञ्जन

**काठमाडौं–** सशस्त्र द्वन्द्वको नेतृत्वकर्ता तत्कालीन नेकपा माओवादीले १२ बुँदे विस्तृत शान्ति सम्झौतापछि हतियार बिसाएसँगै शान्ति बहाली भएको १७ वर्ष हुँदासम्म अझै द्वन्द्वकालीन मुद्दाहरू ज्युँका त्युँ छन् । संक्रमणकालीन न्यायिक प्रक्रियाअनुसार द्वन्द्वकालीन मुद्दाहरू टुंग्याउने नेपाल सरकारले अन्तर्राष्ट्रिय समुदाय र द्वन्द्वपीडितसमक्ष प्रतिबद्धता जनाएको थियो । तर, सरकार आफ्नै प्रतिबद्धता कार्यान्वयनमा चुकेको छ ।

आइतबार चारदिने नेपाल भ्रमणका आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले भने सरकारलाई छिटो नेपालको शान्ति प्रक्रिया टुंग्याउन सुझाएका छन् । त्यसक्रममा अन्तर्राष्ट्रिय अभ्यास, सर्वोच्च अदालतको आदेश र द्वन्द्वपीडितहरूको मागलाई ध्यान दिन उनको जोड छ । राष्ट्रसंघ नेपालमा शान्ति प्रक्रिया टुंग्याउने मामिलामा सहयोगी बन्ने पनि उनले बताएका छन् ।

‘संक्रमणकालीन न्यायले पीडित, परिवार र समुदायमा शान्ति ल्याउन मद्दत गर्नुपर्छ । संयुक्त राष्ट्रसंघ नेपाललाई अन्तर्राष्ट्रिय मापदण्ड, सर्वोच्च अदालतको आदेश र पीडितका आवश्यकताहरू पूरा गर्ने प्रक्रियाको विकास गर्न र त्यसलाई व्यवहारमा उतार्न सहयोग गर्न तयार छ,’ प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेटवार्तापछि पत्रकार सम्मेलनमा गुटेरेसले भने ।

गुटेरेसले यसअघि पनि नेपालको शान्ति प्रक्रिया र संक्रमणकालीन न्याय प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन सरकारलाई दबाब दिएका थिए । राष्ट्रसंघकै पूर्वमहासचिव वान कि मुनले त नेपालमै आएर माओवादी जनमुक्ति सेनालाई नेपाली सेनामा समायोजन गराउने कार्यमा योगदान पुऱ्याएका थिए । (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

## असोजमा ५६ हजारले लिए श्रम स्वीकृति

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को तेस्रो महिना अर्थात् असोजमा वैदेशिक रोजगारीका लागि ५६ हजारभन्दा बढी नेपाली श्रमिक विदेसिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको विवरणअनुसार असोज महिनामा ५६ हजार २३५ जना नेपाली नयाँ तथा पुन: श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न मुलुकमा गएका हुन् । विभागको तथ्यांकअनुसार असोजमा विदेसिने नेपालीको संख्या गत भदौ महिनाको भन्दा पाँच हजार ३५१ ले बढेको छ । भदौमा ५० हजार ८८४ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए ।

चालु आवको सुरुआती महिनादेखि संयुक्त अरब इमिरेट्स (युएई) नेपालीहरूको पहिलो गन्तव्य बनेको छ । विभागको तथ्यांकअनुसार युएईका लागि १३ हजार ९०५ जनाले श्रम स्वीकृति लिएका छन् । गत भदौ महिनामा युएई जान ११ हजार ७०९ जनाले श्रम स्वीकृति लिएका थिए । साउनमा ११ हजार ८७८ जनाले श्रम स्वीकृति लिएका थिए । यस्तै असोज महिनामा रोजगारीका लागि साउदी अरेबिया जान ११ हजार १२३ जनाले श्रम स्वीकृति लिएका छन् । संख्याको हिसाबमा साउदी दोस्रो स्थानमा परेको छ । त्यसैगरी तेस्रोमा श्रम स्वीकृति लिएर कतारमा १० हजार ६१० जना श्रमिक रोजगारीका लागि पुगेको विभागले उल्लेख गरेको छ । यसअघि कतार दोस्रो स्थानमा थियो । चालु आव सुरु भएयता युएई, कतार र साउदी जाने नेपालीको संख्या हराहारी जस्तो देखिएको छ ।




**धेरै श्रम स्वीकृति लिएका मुलुक**

| | |
|---|---|
| युएई | १३,९०५ |
| साउदी | ११,१२३ |
| कतार | १०,६१० |
| मलेसिया | ७,९०९ |
| कुवेत | ३,७८१ |
| माल्टा | ११६० |
| जापान | १,०४८ |
| क्रोएसिया | ९७० |
| मोरिसस | ७२४ |
| रोमानिया | ७०४ |


यसैगरी गत आर्थिक वर्षभरि पहिलो स्थान ओगटेको मलेसिया जाने नेपालीको संख्यामा कमी आएको छ । चौथो स्थानमा झरेको मलेसिया जान सात हजार ९०९ जनाले मात्रै असोजमा श्रम स्वीकृति लिएका छन् । यस्तै पाँचौं स्थानमा परेको कुवेतमा तीन हजार ७८१ जना नेपाली श्रमिक रोजगारीका लागि पुगेका छन् । यी पाँच मुलुकले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा (झण्डै ८० प्रतिशतभन्दा बढी) ओगटेको देखिन्छ ।

यसैगरी माल्टाका लागि एक हजार १६०, जापान एक हजार ४८, क्रोएसिया ९७०, मोरिसस ७२४, रोमानिया ७०४, बहराइन ६०८, माल्दिभ्स ५८३, साइप्रस ५३३ र ओमानका लागि ३४५ जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै इपिएस प्रणालीबाट दक्षिण कोरिया जाने नेपालीको संख्यामा निकै कमी आएको छ । असोज महिनामा कोरिया जान ४८५ जनाले मात्रै श्रम स्वीकृति पाएका छन् ।

विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुन: श्रम स्वीकृति लिने १७ हजार २९३ जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३८ हजार ९४२ जना रहेका छन् । चालु आवको तेस्रो महिनामा श्रम स्वीकृति लिनेमध्ये छ हजार ८३७ जना महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ । पछिल्लो समय वैदेशिक रोजगारीका लागि युरोपेली मुलुकमा जान श्रम स्वीकृति लिने नेपालीको संख्या क्रमिक रूपमा बढ्दै गएको विभागको तथ्यांकबाट देखिएको छ ।

यस्तै जिल्लागतरूपमा झापाबाट सबैभन्दा बढी रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । असोजमा झापाबाट दुई हजार ६७३ जना विदेसिएका छन् । गत आर्थिक वर्षभरि पहिलो रहेको धनुषा चालु आवको सुरुआतबाटै दोस्रो स्थानमा झरेको छ । त्यहाँबाट दुई हजार ६२९ जना श्रमिक विदेसिएका छन् । यस्तै तेस्रो स्थानमा मोरङबाट दुई हजार ३१८ जना रोजगारीका लागि बाहिरिएका छन् । चौथोमा रहेको सिरहाबाट दुई हजार ११३ र पाँचौंमा रहेको महोत्तरीबाट एक हजार ८६० जना रहेका छन् । त्यसैगरी रूपन्देही, सुनसरी, सर्लाही, सप्तरी, चितवन, दाङ, कपिलवस्तु, मकवानपुर, रौतहट, तनहुँ, स्याङजा, बारा, धादिङ, बागलुङ र नवलपरासी पूर्वबाट पनि वैदेशिक रोजगारीका लागि जाने नेपालीहरूको संख्या ठूलो रहेको विभागको तथ्यांकले देखाएको छ ।





पाटन दरबार स्क्वायरको अवलोकनमा आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई स्वागत गर्दै ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जन (बाँया) र गुटेरेसको स्वगतमा मौलिक नृत्य प्रस्तुत गर्दै स्थानीय कलाकार ।

*तस्बिरः रासस*

# तीनजना नेपाली विद्यार्थीको शव पहिचान

**काठमाडौं (प्रस)–** दक्षिणी इजरायलको किबुचमा प्रशिक्षणमा रहेका बेला आतंकवादी समूह (हमास) को आक्रमण परी ज्यान गुमाएका तीनजना नेपाली विद्यार्थीको शव पहिचान भएको छ ।

तेलअबिबस्थित नेपाली राजदूतावासका अनुसार आक्रमणमा ज्यान गुमाएका पदम थापा, प्रवेश भण्डारी र राजन फुलाराको शव आइतबार पहिचान भएको हो । योसँगै आठजना नेपाली विद्यार्थीको शव पहिचान भइसकेको छ । बाँकी दुईजनाको शव पहिचानका क्रममा रहेको छ ।

इजरायल सरकारले उपलब्ध सम्पूर्ण संयन्त्रको प्रयोग गरी सम्पर्कविहीन भएका विपिन जोशीको खोजी जारी रहेको दूतावासलाई जानकारी दिएको उक्त दूतावासले केहीबेर अघि जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ ।

हमासको आक्रमणमा परी घाइते भएका चारजना विद्यार्थीमध्ये दुईजनालाई अस्पतालबाट 'डिस्चार्ज' गरिएको छ । डिस्चार्ज गरिएकामध्ये एकजना नेपाल आइसकेका र अर्का एकजना दूतावासको रेखदेखमा रहेका छन् । साथै, अन्य दुईजनाको इजरायलमा उपचार भइरहेको छ ।

# लेबनानमा एक नेपाली शान्ति सैनिक घाइते

**काठमाडौं (प्रस)–** लेबनानमा तैनाथ संयुक्त राष्ट्रसंघीय अन्तरिम फौजअन्तर्गत खटिएका एक नेपाली शान्ति सैनिक घाइते भएका छन् । त्यहाँस्थित नेपाली सैनिक रहेको संयुक्त राष्ट्रसंघीय पोस्ट ८-३३ नजिक सम्भावित इजरायली डिफेन्स फोर्स र हिजबुल्ला समूहबीचको आर्टिलरी/रकेट/मोर्टार प्रहारका क्रममा यही कात्तिक ११ गते राति ती हतियारको सेल खसेर ती सैनिक घाइते भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । घाइते सैनिकको नाम खुलाइएको छैन ।

उक्त सेलको टुक्रा बंकरमा रहेका ती शान्ति सैनिकको दाहिने पेट र पाखुरामा लागेको थियो । घाइते सैनिकको हाल नाकुरास्थित शान्ति मिसनको अस्पतालमा उपचार भइरहेको छ । हाल निजको अवस्था सामान्य रहेको छ । त्यहाँस्थित अन्य नेपाली शान्ति सैनिक सकुशल रहेको नेपाली सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले जानकारी दिए ।

लेबनानमा संयुक्त राष्ट्रसंघीय अन्तरिम फौजमा डेपुटी कमाण्डर र अन्य अधिकृत कर्मचारी गरी ८७४ नेपाली शान्ति सैनिक कार्यरत छन् ।

## शान्ति प्रक्रिया ...

पृष्ठ १ बाट जारी

जतिबेला समायोजनमा सहयोगी भूमिका राष्ट्रसंघीय शान्ति मिसन (अनमिन)ले निर्वाह गरेको थियो । गुटेरेसले पनि सेना समायोजनपछिको महत्त्वपूर्ण मानिएको द्वन्द्वकालीन गम्भीर प्रकृतिको मानवअधिकार हनन्सँग जोडिएका घटनाहरूमा सत्यको निरूपण गरेर पीडितलाई परिपूरण र क्षतिपूर्ति दिलाउँदै पीडकलाई सजाय दिलाउन जोड दिँदै आएका छन् । उनको विशेष चासो यसमै छ ।

सर्वोच्च अदालतको आदेशअनुसार सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगसम्बन्धी संशोधन विधेयक संसद्बाट पारित छिटो गर्न पनि उनले दबाब दिँदै आएका छन् ।

हाल दुवै विधेयक संसद्मा विचाराधीन अवस्थामा छन् । विधेयकबारे संसदीय उपसमितिमा दफावार छलफल भइसकेको छ । तर, द्वन्द्वकालीन गम्भीर प्रकृतिको मानवअधिकार हनन्का घटनाबारे भने शीर्ष नेतृत्व तहमा समझदारी खोजिनुपर्ने निष्कर्ष उपसमितिको छ । अझैसम्म शीर्ष तहमा सहमति जुटिसकेको छैन । यहीबेला महासचिव गुटेरेसले नेपाल भ्रमणमा आएर दुवै विधेयकलाई छिटो पारित गर्न भनेका हुन् । किनभने उनी र उनी नेतृत्वको राष्ट्रसंघ सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगसम्बन्धी कानुन र आयोग गठन प्रक्रियाप्रति असन्तुष्ट छ । सरकारले यसबारे गम्भीरता नदेखाएको पनि उनको गुनासो छ ।

प्रधानमन्त्री दाहालले भने नेपालको शान्ति प्रक्रिया अन्तिम चरणमा रहेको बताएका छन् । त्यसलाई टुंगोमा पुर्‍याउन राष्ट्रसंघको महासचिवको हैसियतमा महत्त्वपूर्ण भूमिका हुने आफूले विश्वास लिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा बताए । 'नेपालको शान्ति प्रक्रिया अन्तिम चरणमा पुगेको छ । त्यसलाई टुंगोमा पुर्‍याउन पनि संयुक्त राष्ट्रसंघका महासचिवको हैसियतमा महत्त्वपूर्ण भूमिका हुने हामीले भनेका छौं,' प्रधानमन्त्री दाहालको भनाइ छ ।

दाहालको दल माओवादी शान्ति प्रक्रियाको एउटा पक्ष हो । यही दलको नेतृत्वमा १ फागुन २०५२ मा भएको द्वन्द्व १० वर्षसम्म भयो । १७ हजार जना मानिसले ज्यान गुमाए । एक हजार ३०० भन्दा बढी बेपत्ता छन् । विस्थापित र अंगभंग हुने लाखौं छन् । सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा गरी हालसम्म ६६ हजारको संख्यामा उजुरी परेको छ । पीडितहरूले राज्य पक्ष र तत्कालीन विद्रोही माओवादीलाई उजुरीहरूमा विपक्षी बनाएका छन् ।

कतिपय भने गम्भीर प्रकृतिका मानवअधिकार हनन्का घटनासम्बन्धी छन् । यसअन्तर्गत चरम यातना, विभत्स हत्या, बलात्कारजस्ता चार खालका घटना पर्छन् । यस्ता घटनाका पीडितहरूले वर्षौंदेखि न्यायको माग गरिरहेका छन् । तर, यससम्बन्धी कानुन संशोधन गर्न बनेको विधेयकलाई छिटो पारित गर्न संसद्ले ढिलाइ गरिरहेको छ ।

यसबारे प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले आइतबार नै भएको गुटेरेससँगको भेटवार्तामा दुवै विधेयक संसद्बाट चाँडै पारित हुने बताएका छन् । उनले गुटेरेसलाई दुवै विधेयक अहिले संसदीय समितिमा छलफलको क्रममा रहेको जानकारी गराए । 'नेपाल संक्रमणकालीन न्याय प्रक्रियालाई सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमार्फत तार्किक निष्कर्षमा पुर्‍याउन प्रतिबद्ध छ,' सभामुख घिमिरेले भने, 'दुवै आयोगसम्बन्धी ऐन निर्माणका लागि संसद् र ससंसदीय समितिमा गम्भीरतापूर्वक छलफल भइरहेको छ । आशा छ, हामी निकट समयमा नै ऐन निर्माण गर्नेछौं ।'

महासचिव गुटेरेसको नेपाल भ्रमण तय भएपछि नेपालस्थित पूर्वमाओवादी बाल सैनिकहरूको संगठन, द्वन्द्वपीडितहरूसँग सम्बन्धित संघसंस्थाहरूसँगै गम्भीर मानवअधिकार उल्लंघनका पीडितहरूको राष्ट्रिय सञ्जालले उनलाई नेपालको शान्ति प्रक्रियामा टुंगोमा सरकारलाई दबाबका लागि आग्रह गरेका थिए । सरकार र संसद्मा प्रतिनिधित्व गर्ने दलहरू शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायिक प्रक्रिया टुंगोमा पुर्‍याउनेबारे गम्भीर नबनेको भन्दै उनीहरूले चिन्ता प्रकट गर्दै आएका थिए । यसले द्वन्द्वकालीन घटनाको सम्बन्धमा सत्य निरूपण गर्न समस्या हुने सञ्जालका महासचिव भगिराम चौधरीले बताए । 'जति ढिला भयो त्यति नै द्वन्द्वकालीन घटनामा सत्यको निरूपण गर्ने विषय जटिल बन्छ । जस्तै, द्वन्द्वकालमा भएको बलात्कार घटनाको सत्य निरूपण कसरी हुन्छ ? सहज छ ?,' उनले प्रभावसँग भने, 'तर, दलहरू यसप्रति जिम्मेवार भएनन् ।'

कतिपय मानवअधिकारवादीहरूले भने संसद्मा विचाराधीन विधेयकलाई पीडकमैत्री भन्दै आएका छन् । पीडितलाई न्याय नमिल्ने र पीडकलाई आमाफीमार्फत् उन्मुक्ति मिल्ने गरिको प्रावधान विधेयकमा रहेको चर्चा हुँदै आएको छ । द्वन्द्वको हिस्सेदार माओवादी उपमहासचिव वर्षमान पुनले अधिकारकर्मीहरूले गर्दै आएको टिप्पणीलाई आधारहीन भनेका छन् । अधिकारकर्मीहरूप्रति लक्षित गर्दै उनले शान्ति प्रक्रिया र पीडितको नाममा केही व्यक्तिहरूले व्यापार गरिरहेको आरोप लगाएका छन् । यसले शान्ति प्रक्रिया टुंगोमा पुर्‍याउन बाधा पुग्ने उनको भनाइ छ ।

'पीडितको संवेदनामाथि खेलेर शान्ति प्रक्रिया र पीडितको नाममा व्यापार गर्नेहरू छन् । यस्तो प्रवृत्ति गलत छ तर पीडितलाई न्याय दिनेगरी विगतमा पनि काम भयो, केही बाँकी छन्,' उनले भने, 'पीडितलाई न्याय दिन संसद् प्रतिबद्ध छ ।'


## बीमालेख हरायो

मिति २०८०/०७/१२ धादिङ्गदेखि काठमाडौंसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : सुशिल चन्द्र रेग्मी**
**विमालेख नं : २३०००४५०७**
Life Insurance Corporation (Nepal) Ltd.
**ठेगाना : बेनिघाट-८, धादिङ्ग**
सम्पर्क नं : 9841080778/9851196478

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०७/१३ गते)

रुप लाल महतोको नाति, कपली महतो कोइरीको छोरा सुमित्रा देवी महतोको पति सिराहा जिल्ला, हाल लहान नगरपालिका वडा नं २४ (स्थायी गोविन्दपुर गा.वि.स. वडा नं. ०५, सिराहा ) बस्ने शिव कुमार महतो कोइरीको मिति २०८०/०३/२१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको धनगढीमाई शाखामा रहेको बचत खाता नं. २६४०२०८२७६७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय धनगढीमाईमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय धनगढीमाई, सिराहा फोन नं. ०३३-५४५१३३/१३४**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सुचना

यस ट्रिनिटी ईन्टरनेशनल ट्रेड लिंक प्रा.लि.ले चिनबाट पैठारी गरेको निम्न वस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | मलबस्तुको विवरण | आकार / प्रकार | ब्राण्ड | मोडल | उत्पतिको मुलुक | इकाई | प्रति इकाई मुल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Range Hood | Domestic | Delta Air fresh | HX6004 | China | Pcs | 14,239.62 | 15,500.00 | |
| 2 | Range Hood | Domestic | Delta Air fresh | HC9001 | China | Pcs | 12,294.28 | 13,500.00 | |
| 3 | Range Hood | Domestic | Delta Air fresh | HC9002 | China | Pcs | 12,289.45 | 13,500.00 | |
| 4 | Range Hood | Domestic | Delta Air fresh | HS9001 | China | Pcs | 17,627.55 | 19,500.00 | |
| 5 | Range Hood | Domestic | Delta Air fresh | HT9002 | China | Pcs | 17,227.97 | 19,500.00 | |

बिक्रेताः नाम ट्रिनिटी ईन्टरनेशनल ट्रेड लिंक प्रा.लि. एक्जीम कोड नं.: 3042063750144NP
ठेगानाः काठमाण्डौं, नेपाल फोन नं.: 01-5225094

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : NAWADAR FOOD COMPANY FOR PROVIDING MEALS(NOWADAR AL-TAM)**

पूर्व स्वीकृति मिति २०८०/०७/०३ LT. No. 294260 चलानी नं. ६०२०९४३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 4 | 0 | 1500 | ५३,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २० गते (6th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

कात्तिक १३ गते २०८०, सोमबार

**मेष** स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ

**वृष** पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला ।

**मिथुन** परोपकारमा रुचि बढ्नेछ ।

**कर्कट** कूटनीतिक नियोगको सहयोग मिल्ला ।

**सिंह** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**कन्या** राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ ।

**तुला** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**वृश्चिक** नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ

**धनु** अरुले आलोचना पनि गर्न सक्छन् ।

**मकर** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**कुम्भ** आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**मीन** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

कात्तिक १३ गते, २०८०, ३० अक्टोबर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९० | १३३.५० |
| युरो | १ को | १४१.१४ | १४१.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६३.४१ | १६४.१४ |
| स्विस फ्रैन्क | १ को | १४७.७० | १४८.३७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.१२ | ८५.५१ |
| क्यानाडियन डलर | १ को | ९७.७५ | ९८.१९ |
| सिंगापुर डलर | १ को | ९७.५५ | ९७.९९ |
| जापानी येन | १० को | ८.९१ | ८.९५ |
| चिनियाँ युआन | १ को | १८.२१ | १८.२९ |
| साउदी अरब रियाल | १ को | ३५.४३ | ३५.५९ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.६८ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१८ | ३६.३५ |
| मलेसियन रिङेट | १ को | २८.२० | २८.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १२.२२ | १२.२७ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०१ |
| हङकङ डलर | १ को | १६.९९ | १७.०७ |
| कुवेती दिनार | १ को | ४२९.९६ | ४३१.९० |
| बहराइन दिनार | १ को | ३५२.५१ | ३५४.१० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## शीर्ष नेतासँग...

पृष्ठ १ बाट जारी

त्यस भ्रमणसँगै लुम्बिनीको विकास र प्रचारप्रसारमा महत्त्वपूर्ण थालनी भएको थियो ।

राष्ट्रसंघका तेस्रा महासचिव ऊको त्यो भ्रमणसँगै उनको पहलमा यस क्षेत्रको विकासका एउटा अन्तर्राष्ट्रिय समिति गठन भएको थियो । त्यसक्रममा महासचिव ऊले लुम्बिनीको विकास पर्याप्त नभएको देखेर तत्कालीन राजा महेन्द्रसँगको भेटमा लुम्बिनीको विकासका लागि आफू सहयोग गर्न तयार रहेको धारणा व्यक्त गरेका थिए । विश्वका शान्तिप्रेमी र बौद्धमार्गीको पवित्र थलो भएकाले ऊको लुम्बिनी भ्रमणपछि यसलाई पर्यटकीय क्षेत्र एवं तीर्थस्थल बनाउने योजना अन्तर्राष्ट्रियस्तरमै तय गरिएको थियो । त्यस भ्रमणपछि लुम्बिनीको योजनाबद्ध विकास सुरुआत भएको मानिन्छ ।

जापानी वास्तुकलाविद् प्राध्यापक केन्जो टांगेले राष्ट्रसंघका तत्कालीन महासचिव ऊकै आग्रहमा लुम्बिनीको गुरुयोजना तयार गरेका थिए । उक्त गुरुयोजना र लुम्बिनीको विकास तथा प्रवर्द्धनका लागि अन्तर्राष्ट्रियस्तरको समिति गठन गर्ने कार्यमा पनि संयुक्त राष्ट्रसंघकै भूमिका रहेको छ ।

सन् १९७८ मा जापानी वास्तुकलाविद् प्राध्यापक टांगेले तयार पारेको गुरुयोजना ४५ वर्ष बितिसक्दा पूरा हुन सकेको छैन । गुरुयोजनाअनुसार अहिलेसम्म करिब ८५ प्रतिशतमात्रै काम सम्पन्न भएको छ । त्यसपछि अहिलेसम्म संयुक्त राष्ट्रसंघका महासचिव तथा पदाधिकारीले लुम्बिनीलाई विशेष चासो र महत्त्वका साथ हेर्दै आएका छन् ।

राष्ट्रसंघको महासचिवका रूपमा डयाग हयामरकेजोल्ड, ऊ थान्त, ज्याभियर पेरेज डि कुइलर, कर्ट वाइल्डहाइम र बानकी मुनले लुम्बिनीको भ्रमण गरेका थिए । लुम्बिनी विकास कोषका अनुसार राष्ट्रसंघको छैटौं महासचिवका रूपमा गुटेरेसको भ्रमण हुँदै छ ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा गुटेरेसको भ्रमण गौरवपूर्ण भएको बताउँछन् । 'नेपाल भ्रमण गर्ने हरेक राष्ट्रसंघका महासचिवको बुद्धको जन्मस्थल भ्रमण गर्नु लुम्बिनीकै इतिहास, गौरव र बुद्धको सन्देश संसारभर पुऱ्याउन सफलता मिलेको छ,' लामाले भने, 'यसपटक पनि भ्रमणले निरन्तरता पाउने भएकाले लुम्बिनीवासीका लागि यो गौरवको विषय बनेको छ ।'

महासचिव गुटेरेसको भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहालसमेत लुम्बिनी आउने कार्यक्रम तय भएको कोषका उपाध्यक्ष डा. लामाले जानकारी दिए । यसबाट राष्ट्रसंघको रोहवरमा १० वर्षे युद्धपछि माओवादी पार्टी शान्ति प्रक्रियामा आएको र विस्तृत शान्ति सम्झौता हुँदै हाल संविधान कार्यान्वयन र शान्ति प्रक्रियाकै अन्तिम चरणमा रहेको अवस्थामा महासचिवको लुम्बिनी भ्रमणका बेला प्रधानमन्त्रीसमेतको सहभागिताले विश्वभर शान्तिको सन्देश जाने लामाले बताए ।

कोषका सदस्यसचिव सानुराजा शाक्यका अनुसार मंगलबार बिहान करिब ९ बजेदेखि १० बजेभित्र महासचिव गुटेरेस लुम्बिनीको औपचारिक कार्यक्रममा रहनेछन् ।

गुटेरेसलाई लुम्बिनीमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला श्रीपाली, कोषका उपाध्यक्ष डा. लामालगायतले स्वागत गर्नेछन् । यस लगत्तै महासचिव गुटेरेस शान्तिदीप हुँदै मायादेवी मन्दिरमा पुगेर प्रार्थना गर्नाका साथै र त्यहाँको वातावरण अवलोकन गर्ने कोषले जनाएको छ । कोषको तर्फबाट त्यहाँ लुम्बिनी क्षेत्र र गुरुयोजनाका विषयमा जानकारीपश्चात् सञ्चारकर्मीसँग गुटेरेसले आफ्नो शान्तिको सन्देशसहितको भनाइ राख्ने कार्यक्रम तय भएको सदस्यसचिव शाक्यले बताए । महासचिव गुटेरेस शान्तिदीपबाट मायादेवी मन्दिरसम्म पैदलै जाने र त्यसक्रममा स्थानीय आमा समूह, लुम्बिनीस्थित विभिन्न भिक्षु भिक्षुणीले स्थानीय कलासंस्कृतिसहित स्वागत गर्ने कार्यक्रम छ ।

लुम्बिनीबाट फर्केपछि मंगलबार नै अपराह्न ४ बजे संघीय संसद्का दुवै सदनलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ । आइतबारको प्रतिनिधिसभाको बैठकमा सभामुख देवराज घिमिरेले गुटेरेसको सम्बोधनबारे जानकारी दिए । 'संयुक्त सदनको बैठकमा सम्बोधन गर्ने कार्यक्रम रहेको हुँदा उक्त दिन माननीय सदस्यहरू बैठकमा उपस्थित भई दिनको ३ बजेर ४५ मिनेटभित्रै आ–आफ्नो आशनग्रहण गरिसक्न अनुरोध छ,' घिमिरेले भने ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले २०७१ साउन १८ गते तत्कालीन व्यवस्थापिका संसद्लाई सम्बोधन गरेका थिए । मोदीपछिका कुनै पनि उच्चस्तरीय भ्रमणमा संसद्लाई सम्बोधन भएको थिएन । महासचिव गुटेरेस बुधबार संयुक्त राष्ट्रसंघ मुख्यालय फर्किने कार्यक्रम छ ।

राष्ट्रपति, प्रधानमन्त्री र शीर्ष नेताहरूसँग भेट

आइतबार महासचिव गुटेरेसले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहालसँगै शीर्ष नेताहरूसँग भेट गरे । राष्ट्रपति पौडेलसँग गुटेरेसले शितलनिवासमा शिष्टाचार भेट गरेका हुन् ।

उक्त अवसरमा राष्ट्रपति पौडेलले नेपाल जलवायु परिवर्तनको कारक नभए पनि नेपालले भोग्नुपरेका यसका नकारात्मक परिणामबारे गम्भीर हुन अनुरोध गरेका थिए । पौडेलले जलवायु परिवर्तनको असर घटाउन जलवायु परिवर्तनका कारक बनेका विकसित मुलुकहरूलाई आफ्ना दायित्व पूरा गर्नेतर्फ आवश्यक पहलकदमी लिन राष्ट्रसंघ प्रतिनिधिमण्डलसमक्ष आग्रह गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

महासचिव गुटेरेसले हरित गृह ग्यास उत्सर्जनमा नेपालको कुनै भूमिका नभए पनि नेपालले सबैभन्दा बढी यसको असर भोग्नु परिरहेको उल्लेख गर्दै जलवायुसम्बन्धी राष्ट्रसंघीय सम्मेलन 'कोप' प्रसंग उठाउँदै जलवायु परिवर्तनका नकारात्मक असरबारे विश्वलाई सन्देश प्रवाह गर्न आफू नेपाल भ्रमणमा आएको बताए । आफ्नो नेपाल भ्रमण तीन 'एजेण्डा'मा केन्द्रित रहेको जानकारी दिँदै महासचिव गुटेरेसले नेपालको सफल शान्ति प्रक्रिया, जलवायु परिवर्तनको असर र विश्व अस्थिरताको कारक बनेको असमानताको न्यूनीकरणका लागि विश्वलाई सन्देश दिन नेपाल उपयुक्त ठाउँ भएकाले यहाँ आएको बताए ।

यसअघि महासचिव गुटेरेसले प्रधानमन्त्री दाहाल, उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का र परराष्ट्रमन्त्री साउदसँग बेग्लाबेग्लै भेट गरेका थिए ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग संघीय संसद् भवन नयाँबानेश्वरमा छुट्टाछुट्टै भेटवार्ता गरेका थिए । महासचिव गुटेरेस नेतृत्वको प्रतिनिधिमण्डलमा संयुक्त राष्ट्रसंघको शान्ति कार्यका लागि उपमहासचिव जिन पियरे ल्याक्रोइक्स, नेपालस्थित संयुक्त राष्ट्रसंघका आवासीय संयोजक हाना सिंगर–हाम्दी र संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयका अन्य अधिकारीहरू सहभागी छन् ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति : १९९०/०८/१५

स्वर्गारोहण मिति : २०८०/०७/०१

**स्व. श्रीमती शान्ति राणा**

हाम्रा अनन्य मित्र उपरथी डा. किशोर ज.ब.राणा (अ.प्रा.) को पुजनीय माता तथा डा. मिता राणाको पुज्य सासुज्यू **श्रीमती शान्ति राणा**को ९० वर्षको उमेरमा असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद् घडीमा सम्पूर्ण शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी भगवान्सँग प्रार्थना गर्दछौं ।

श्रीमती शिला तथा प्रा.सहायक रथी विरेन्द्र थापा (अ.प्रा.)
श्रीमती रीता तथा सुवास गौतम
श्रीमती सपना तथा श्रीराम गुरुङ
श्रीमती रज्जु तथा दिनेश चालिसे
श्रीमती रेस्मा तथा मो.कलिम शाह
श्रीमती किरण तथा श्याम खेतान
श्रीमती मन्जु तथा नलिन अर्जेल
श्रीमती रजीता तथा राजेश उपाध्याय
श्रीमती मिलु तथा रहिस थापा
श्रीमती शान्ति तथा मोहन गुरुङ
श्रीमती शसी तथा प्रभाकर विक्रम शाह
श्रीमती सुसीला तथा भरत ढकाल
श्रीमती रेखा तथा सुनिल खेतान
श्रीमती आभा तथा राजु बाबु श्रेष्ठ
श्रीमती सुनिता तथा धिरेन्द्र पाण्डे

तथा

**सम्पूर्ण जे. एण्ड. जी. परिवार**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH A. AL-BARRAK & SONS CO.

पूर्व स्वीकृति मिति २०८०/०३/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१२ | LT. No. 289117 | चलानी नं. ६०१७८८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Common Labour | 1 | 0 | 1000 | ३५१५९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 14 | 0 | 1000 | ३५१५९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २० गते (6th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAMSAK TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०७/०३ | LT. No. 294268 | चलानी नं. ६०२०९४५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 3 | 0 | 1200 | ४२,५२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Wood Frame Carpenter | 1 | 0 | 1200 | ४२,५२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २० गते (6th Nov. 2023) मा हुनेछ ।

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०७९/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२५ | LT. No. 262521 | चलानी नं. ६०१७८९०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Purchasing Representative | 2 | 0 | 1400 | ५१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 31 | 0 | 1000 | ३६,६३५ | | | | | | | |
| 3 | Cleaning Supervisor | 3 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 4 | Commercial Sales Representative | 4 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 5 | Follow Up Clerk | 1 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 7 | Operation Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |

कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/०९/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२५ | LT. No. 278238 | चलानी नं. ६०१९४५१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Officer | 0 | 1 | 1400 | ५१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaning Supervisor | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 3 | Cleaner | 13 | 5 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | Commercial Sales Representative | 4 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 5 | Follow Up Clerk | 1 | 0 | 1400 | ५१,२९० | | | | | | | |
| 6 | Marketing Manager | 1 | 0 | 1500 | ५४,९५५ | | | | | | | |
| 7 | Packer | 0 | 6 | 1000 | ३६,६३५ | | | | | | | |
| 8 | Purchasing Representative | 2 | 0 | 1400 | ५१,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक १६ गते (2nd Nov 2023) मा हुनेछ ।
Center Point Hotel, Birtamode मा मितिः २०८० कार्तिक १४ गते (31st Oct. 2023) मा हुनेछ ।
Namaste Janapriya Thakali Bhanchha Ghar Nagdhunga, 8 Pokhara मा मितिः २०८० कार्तिक १४ गते (31st Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3,Marajgunj, Kathmandu, Phone No: 015908044/015906944



## Malaysia/Mauritius मा वैदेशिक रोजगारको अवसर

कम्पनी : PILOT CONSTRUCTION SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०६/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१२ | LT. No. : 294047 | चलानी नं. ६०२०९१८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 15 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SUPER CONSTRUCTION CO LTD

पूर्व स्वीकृति मिति २०८०/०३/३१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१२ | LT. No. :289473 | चलानी नं.६०१९९३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Bender Grade II | 5 | 0 | 16,665 | ४८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | carpenter grade II | 10 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 3 | Electrician grade II | 2 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 4 | Foreman Grade II | 3 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 5 | Mason grade II | 65 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 6 | Plant Operator Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 7 | Plumber GRADE II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 8 | Scaffolder Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 9 | Steel fixer grade II | 7 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 10 | Tilers Grade II | 5 | 0 | 16,665 | ४८,२५० | | | | | | | |

कम्पनी : HOW HONG & CO. LTD.

पूर्व स्वीकृति मिति २०८०/०६/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१२ | LT. No. : 293680 | चलानी नं. ६०२०८८५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Operator | 10 | 0 | 15000 | ४५,०२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packing Machine Operators | 25 | 0 | 15000 | ४५,०२५ | | | | | | | |
| 3 | Pastry Maker | 5 | 0 | 15000 | ४५,०२५ | | | | | | | |

कम्पनी : ESC CONSTRUCTION LTD.

पूर्व स्वीकृति मिति २०८०/०४/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१२ | LT. No. :291008 | चलानी नं. ६०२०६२२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Bender Grade I | 15 | 0 | 17,393 | ५१,०९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter Grade I | 20 | 0 | 17,393 | ५१,०९० | | | | | | | |
| 3 | Mason grade 1 | 65 | 0 | 17,393 | ५१,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २० गते (6th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : XIALI GLASS INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१२ | LT. No. 265597 | चलानी नं. ६०१८१७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 40 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २० गते (6th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUPER CONSTRUCTION CO LTD

पुर्व स्वीकृति मिति २०८०/०३/३१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/१२ | LT. No. :289473 | चलानी नं.६०१९९३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Bender Grade II | 5 | 0 | 16,665 | ४८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | carpenter grade II | 10 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 3 | Electrician grade II | 2 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 4 | Foreman Grade II | 3 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 5 | Mason grade II | 65 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 6 | Plant Operator Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 7 | Plumber GRADE II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 8 | Scaffolder Grade II | 1 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 9 | Steel fixer grade II | 7 | 0 | 16,665 | ४८,२५० | | | | | | | |
| 10 | Tilers Grade II | 5 | 0 | 16,665 | ४८,२५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक २० गते (6th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## संक्रमणकालीन न्याय चाँडो टुंग्याऊ


संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस नेपाल आइपुगेसँगै शीर्ष नेताहरू लामो समयदेखि थाँती रहेको संक्रमणकालीन अवस्था टुंगोमा पुऱ्याउन तातिएका छन् । 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको (टिआरसी) विधेयक'को शीर्ष नेताले टुंग्याउने गरी संसद्को विषयगत समितिले चाबी हस्तान्तरण गरिसकेको छ ।

तर शीर्ष नेताले यसबारे कुनै बहस चलाएका छैनन् । टिआरसी टुंगोमा पुऱ्याउने नेतृत्वका जस लिने होडबाजीमा एमाले अध्यक्ष केपी शर्मा ओलीदेखि प्रधानमन्त्री पुष्पकमल दाहालसम्म लागेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवा पनि आफूले सरकारको नेतृत्व लिएपछि मात्र यो प्रक्रिया टुंगोमा लागेर जस लिने लोभमा देखिन्छन् । माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री दाहालले पनि यसको विषयमा जस लिन अमेरिका जानुअघिदेखि नै दौडधुप गरिरहेका थिए । देउवा र दाहालले यो प्रक्रिया टुंगोमा नपुग्नुको मुख्य कारण ओली भएको दोष लगाउँछन् भने ओलीको औंलो दाहालतिर सोझिएको छ । महासचिव गुटेरेसको भ्रमणमासमेत ओलीले यो विषय सोझ्याएका छन् ।

यद्यपि गुटेरेसले नै चासो राखेपछि देउवा, दाहाल र ओली यो प्रक्रियालाई टुंगोमा पुऱ्याउन तयार रहेको भन्दै तातिन थालेका हुन् । लामो समयदेखि नै टुंगोमा पुऱ्याउने भनिएको यो संक्रमणकालीन न्यायसम्बन्धी यो विधेयक २५ फागुन २०७९ मा प्रतिनिधिसभामा दर्ता भएको छ । संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिमा रहेको यो विधेयकबारे उपसमितिसमेत बनेर दफावार छलफल चलेको थियो । समितिले प्रतिवेदन बुझाए पनि यस विषयमा शीर्ष नेतासँगको सहमति जुटाएर मात्र प्रतिनिधिसभामा पेस गर्ने बताइएको छ । यस्तो अवस्थामा नेताहरूलाई झक्झक्याउने गरी संयुक्त राष्ट्रसंघबाट शीर्ष तहको भ्रमण हुनु सकारात्मक विषय हो । शान्ति प्रक्रिया टुंगो नलाग्दा विकासका धेरै विषयहरू ठप्प हुनुका साथै आपसी कलह मेटिन समय लागेको छ ।

अरु देशमा शान्तिका लागि शान्ति सेना खटाउने देश नेपालमा भने द्वन्द्वकै धङधडी नमेटिँदा अझै पनि नेपालमा लगानी भित्र्याउन विदेशी लगानीकर्ता इच्छुक देखिएका छैनन् । पछिल्लो समय लगानी नभित्रिँदा देशमा रोजगारीको अवसर कटौती हुँदै गएको छ । जसका कारण सुशासन झनै भ्रष्ट बन्दै गएको छ । यस्तो अवस्थामा महासचिव गुटेरेसको भ्रमण फलदायी हुने देखिन्छ । अरुलाई देखाउन हैन, आफ्नै देशको स्थायित्वका लागि संक्रमणकालीन न्यायको प्रक्रिया चाँडो टुंगोमा पुऱ्याउनुपर्छ । यसका लागि नेताहरूले थप तदारुकता देखाओस् ।

# संयुक्त राष्ट्रसंघमा नेपाल



डा. जयराज आचार्य

